नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
(..........................शाखा)
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. :

मिति : ..............................

## प्रेस विज्ञप्ति

आज मिति २०७३/१०/०३ गतेका दिन नेपाल सरकारका मुख्यसचिव डा. सोमलाल सुवेदीज्यूको अध्यक्षतामा यस कार्यालयमा बसेको आ. व. २०७३/७४ को ९ औं सचिव बैठकबाट देहाय बमोजिमको निर्णयहरु भएकोले सम्बन्धित सवैको जानकारीको लागि यो प्रेस विज्ञप्ति जारी गरिएको छ ।

१. वैदेशिक सहयोग समावेश भएका मन्त्रालय/निकाय/आयोजनाहरुले आ-आफ्नो Unaudited Project Account तयार गरी पठाउन बाँकी भएमा २०७३ माघ १० गते सम्ममा महालेखा नियन्त्रकको कार्यालयमा पेश गर्ने र सोधभर्ना लिन बाँकी रकम यथाशिघ्र सोधभर्ना माग गर्ने ।

२. वार्षिक रु. १ अर्ब भन्दा बढी वेरुजु रहेका मन्त्रालय/निकायहरु मध्ये रक्षा मन्त्रालय, भूमिसुधार तथा व्यवस्था मन्त्रालय, सूचना तथा संचार मन्त्रालय र अर्थ मन्त्रालयको फछ्यौंट अन्य मन्त्रालय/निकायको तुलनामा सन्तोषजनक देखिन्छ । यसलाई अझ प्रभावकारी बनाउन उक्त मन्त्रालयहरुले अझ तिव्रता दिने र बाँकी मन्त्रालय/निकायहरुले पनि वेरुजु फछ्यौंट कार्ययोजना बनाई वेरुजु फछ्यौंट गर्ने गराउने व्यवस्था मिलाउने ।

३. विगतमा खोलिएका कतिपय सेवा केन्द्रहरुको अवस्थिति र सेवाको सुगमता परिवर्तित अवस्थामा प्रभवाकारी हुन नसकेको देखिंदा जनसंख्याको वितरण र सेवाग्राहिको सहजता अनुरुप केन्द्रहरुको पूनर्संरचना गर्नु पर्ने आवश्यकता देखिएकाले यसको लागि सम्बन्धित सबै मन्त्रालय/निकायहरुले आफू मातहतका सेवा केन्द्रहरुको पुनःसंरचना सम्बन्धमा अध्ययन गर्ने। यसरी पुनर्संरचना गर्दा समग्र पुनर्संरचना र संविधाको कार्यान्वयनलाई मुख्य आधार मान्ने ।

४. सुख्खा मौसमको सुरुआतसँगै आगलागी र डडेलो जस्ता प्रकोपको सम्भावना अधिक रहेको हुँदा यसको नियन्त्रणको लागि पूर्व सावधानी अपनाउन र दुर्घटना भइहालेमा सिघ्र नियन्त्रणको व्यवस्था मिलाउन गृह, संघीय मामिला तथा स्थानिय विकास र वन तथा भू-संरक्षण मन्त्रालयले आवश्यक व्यवस्था मिलाउने ।

५. UN Public Service Awards (UNPSA) मा सन् २०१७ को लागि मनोनयन गर्न आवश्यक शर्तहरु पुरा गरेको, संस्था चयन गर्न परराष्ट्र मन्त्रालयले सवै निकायहरुसँग समन्वय गरी प्रकृया अगाडि बढाई आगामी बैठकमा जानकारी गराउने ।

२०७३ माघ ३ गते

दामोदर रेग्मी
सहसचिव/प्रवक्ता

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np